बेनी नगरपालिका

## नगर कार्यपालिकाको बैठक

२०८०।०८।२६

निर्णयहरू

१) नगर कार्यपालिकाको गत कार्तिक महिनामा बसेको बैठकका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गरियो । गत कार्तिक महिनामा बेनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कामकार्यवाही तथा भए गरेका खर्चको अनुमोदन तथा स्वीकृति गर्ने ।

२) मिति २०८०/०८/२२ गते सम्पन्न नगर कार्यपालिकाको कार्यालयले आयोजना गरेको सार्वजनिक सुनुवाई र सो सुनुवाईमा उठेका सवालहरूको विषयमा समिक्षा गरियो ।

३) बेनी नगरपालिकाको नगर विपद् व्यवस्थापन समितिको मिति २०८०/०८/१४ गते बसेको बैठकले गरेका सबै निर्णयहरूको अनुमोदन स्वीकृति गरी ग्रहण गर्ने ।

४) मिति २०८०/०६/२९ गतेको सार्वजनिक जग्गाको सम्झौता, भाडादर निर्धारण तथा वक्यौता असुली उपसमितिबाट निर्णय भई आएबमोजिम बेनी नगरपालिका वडा नं. ८ (कालीपुल) मा रहेको कालीगण्डकी पेट्रोल पम्पका सञ्चालक सुमन श्रेष्ठलाई लगाईएको जग्गा भाडाको म्याद २०८०/०९/३० गतेसम्म थप गर्ने ।

५) मिति २०८०/०८/२६ गतेको सार्वजनिक जग्गाको सम्झौता, भाडादर निर्धारण तथा वक्यौता समितिले गरेका सबै निर्णयहरूको अनुमोदन तथा स्वीकृति गर्ने ।

६) साविकमा एकीकृत सम्पत्ति कर लागू भएकोमा आर्थिक वर्ष ०८०/८१ बाट सम्पत्ति तथा भूमि कर लागू गरिएको हुँदा साविकमा सम्पत्ति करमा प्रविष्टि भएका करदाताहरूको विवरणमा भूमि तथा सम्पत्ति करको विवरण थप गर्न अभिलेखीकरण संशोधन गरी रूजू गर्ने कार्यमा खटिने कर्मचारीहरूको लागि प्रति करदाता रूपैया १० (दश) का दरले प्रोत्साहनको व्यवस्था गर्ने र उक्त कार्यका लागि अधिकतम रूपैया एकलाख बजेटको प्रवन्ध मिलाउने ।

७) नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सहायकस्तर पाँचौं तहका पशुसेवा प्राविधिक कर्मचारी प्रदिप गौतमले निजको व्यक्तिगत लगानीमा कार्यालयको काममा हानी नहुने गरी कार्यालय समयबाहेकको समयमा निज कार्यरत पदसँग सम्बन्धित थप उच्च अध्ययनका लागि अनुमति मागेकोमा निजलाई अध्ययन अनुमति दिने ।

८) यस नगरपालिकाको ६ नं. वडा कार्यालय निर्माण तथा मर्मत कार्यका लागि जिल्ला समन्वय समितिमा रहेको जगेडा कोषबाट रकम विनियोजन गरिदिनका लागि सो समितिलाई लेखी पठाउने र जिल्ला समन्वय समितिबाट बजेट विनियोजन पश्चात उक्त निर्माण कार्य सञ्चालनका लागि सम्बन्धित वडा कार्यालय र यस कार्यालयबाट पचास प्रतिशतको लागत साझेदारी गर्ने रकमको सुनिश्चितता गर्ने ।

९) यस नगरपालिका वडा नं. ४, सिंगामा रहेको कोल्ड स्टोर व्यवस्थापनका लागि आवश्यक पर्ने क्यारेट तथा क्यारेट व्यवस्थापनको लागि आवश्यक भौतिक निर्माणमा आवश्यक पर्ने बजेट व्यवस्था कृषितर्फको संघीय सशर्त कार्यक्रमबाट गरी सो कार्य सम्पादन गर्ने र यो सिजनको सुन्तलाहरू सो कोल्ड स्टोरमा भण्डारण गरी परीक्षणको लागि राख्ने ।

सुरत के.सी.